# सिकाइ सुधारको दृष्टिकोणमा अक्षराङ्कन

पुरूषोत्तम घिमिरे
पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र

**लेखसार**

**मूल्याङ्कनलाई टेलर** (Tyler) **ले शैक्षिक उद्देश्यहरु प्राप्त गर्ने हदका रुपमा परिभाषित गरेका छन् भने क्रोनबच** *(Cronbach)* **ले शैक्षिक कार्यक्रमको अङ्गका रुपमा । साथै स्टफ्ले बिम** *(Stuffle Beam)* **ले निर्णय गर्नका लागि आवश्यक सूचना प्रदान गर्ने कार्यलाई मूल्याङ्कन भनेका छन् भने जम्स एम.ली** *(James M. Lee)* **ले शैक्षिक उद्देश्यहरु प्राप्त गर्ने सन्दर्भमा विद्यार्थीले देखाएको प्रगतिको निर्धारणलाई मूल्याङ्कन भनेका छन् । वास्तवमा परिणामात्मक एवम् परिमाणात्मक वर्णनका साथमा गरिएको मूल्यमा आधारित फैसलालाई मूल्याङ्कन भनिन्छ । यसका लागि विश्वभरमा प्राप्ताङ्कको प्रतिशतमा आधारित श्रेणी वा अङ्काङ्कन, अक्षराङ्कन, औसतद्वारा निर्देशित श्रेणी, निपूणतामा आधारित श्रेणी तथा वर्णनमा आधारित श्रेणीलगायत प्रचलनमा छन् । नेपालमा विगत असी वर्षदेखि अङ्काङ्कनमा आधारित अभ्यास प्रचलनमा छ । अङ्काङ्कनले ज्ञानमा आधारित सिकाइलाई बढी जोड दिने गर्छ भन्ने आरोप छ । यसले अधिकाधिक प्राप्ताङ्क र वैयक्तिक सिकाइलाई मान्यता दिइआएको पाइन्छ । अतः हाल संसारभर अङ्काङ्कनको विकल्पका रुपमा अक्षराङ्कनको अभ्यास गर्ने प्रचलन बढ्दो छ । यसको पछिल्लो उदाहरणका रुपमा नेपाल सरकार, शिक्षा मन्त्रालयको माध्यमिक तहमा अक्षराङ्कन लागु गर्नेसम्बन्धी निर्णयलाई लिन सकिन्छ । यसर्थ यस लेखमा नेपालमा अक्षराङ्कनको लागु गर्ने निर्णयको पृष्ठभूमि, कारण, औचित्य, मूल्याङ्कनमा श्रेणीको महत्त्व, श्रेणी र सिकाइको सम्बन्ध, सिकाइका लागि मूल्याङ्कनका साधन र यिनको प्रयोग, भ्रम र अवसर, भावी कार्यदिशा र निष्कर्षलाई समेटिएको छ ।**

**मुख्य शव्दावली**

**मूल्याङ्कन** (Evaluation), **अङ्काङ्कन** (Scoring System), **अक्षराङ्कन** (Letter grading system), **श्रेणी** (Grade), **सिकाइ** (lEarning), **मूल्याङ्कनका साधन** (Assessment Tools) **र प्राप्ताङ्क** (Score)



## विषय प्रवेश

### १. पृष्ठभूमि

नेपालको विद्यालय तहमा विगत असी वर्षदेखि अङ्काङ्कनद्वारा मूल्याङ्कन गर्ने अभ्यास चलिरहेको छ। त्यसमध्ये एसएलसीलाई सार्वजनिक परीक्षाका रूपमा विशेष महत्त्व दिइन्छ । आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने छ, उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ (आधारभूत तह, कक्षा ६-८, पाठ्यक्रम, २०६९) । सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क ३२ प्रतिशत र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ, सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा छुट्टाछुट्टै उत्तीर्ण

हुनुपर्ने छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) । एक अनुमानअनुसार बेलायत भरतमा British India मा अङ्ग्रेजहरूले भारतीय विद्यार्थी Blue collar job का लागि उत्पादन गरिने हुनाले उनीहरूलाई उत्तीर्णाङ्क ३२ तर त्यही परीक्षामा अङ्ग्रेज विद्यार्थीहरू White coller job का लागि उत्पादन गरिने भएकाले उत्तीर्णाङ्क ५० तोकिएको र सोही प्रभावबमोजिम नेपालमा पनि उत्तीर्णाङ्क ३२ लगायतका श्रेणीहरू कायम गरिएको भन्ने भनाइ छ, तसर्थ परीक्षा नियन्त्रण कार्यालयले यस सम्बन्धमा पुनर्मूल्याङ्कन गर्नु जरुरी छ (कार्यपत्र सङ्ग्रह, २०६९) । उल्लिखित पृष्ठभूमिमा आधारित भई नेपालमा विद्यालय शिक्षामा निर्धारित मूल्याङ्कन प्रक्रियामा परिवर्तन गर्नुपर्छ भनी सरोकारवाला सक्रिय र चिन्तित रहेका थिए । यस क्रममा थुप्रै नीतिगत व्यवस्था र अध्ययन अनुसन्धान भएका थिए ।

स्तर निर्धारण प्रक्रियालगायत विद्यमान प्रवेशिका (SLC) परीक्षाका सुधारहरूको सुदृढीकरण तथा विस्तार गर्ने नीति लिइने छ (माध्यमिक शिक्षा सहयोग कार्यक्रम, २००२) । विद्यार्थीहरूको विद्यमान औपचारिक परीक्षा प्रणालीमा आधारित मूल्याङ्कन व्यवस्थाले विद्यार्थीको चौतर्फी क्षमताको विकास गर्न नसकेको देखिन्छ, यस पक्षलाई सम्बोधन गर्न अक्षराङ्क मूल्याङ्कन पद्धतितर्फको उन्मुखता आवश्यक देखिन्छ (प्रारूप, २०६३) । अक्षराङ्कन पद्धति क्रमशः कार्यान्वयन गर्दै लगिने छ (योजना, २०६६-०७२) । एसएलसी परीक्षामा विद्यार्थीको उपलब्धिसम्बन्धी भएको बृहत् अध्ययन (माथेमा र बिष्ट, २००५) ले लेटर ग्रेडिङ पद्धति अपनाउनुपर्ने सुझाव दिएको छ (कार्यपत्र सङ्ग्रह, २०६९) । सबै तहको परीक्षा प्रणालीमा देखिएका समस्याहरूको निराकरणका लागि प्रभावकारी कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ (आधार पत्र, २०६७-०७०) । मूल्याङ्कन प्रणालीमा अक्षराङ्कन पद्धति (letter grading system) लाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ (प्रारूप, परिमार्जन, २०७१) । २०६९ सालमा शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा उच्चस्तरीय सेमिनार भयो, यसले पनि एक वर्षसम्ममा अङ्काङ्कनको विकल्पका रूपमा अक्षराङ्कनका लागि मानक र मापदण्डको विकास एवम् कार्यान्वयनको थालनी कार्य योजना तय गऱ्यो, यस कार्यका लागि शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र परीक्षा नियन्त्रण कार्यालयलाई जिम्मेवार निकायका रूपमा किटान गऱ्यो (घिमिरे, फागुन, २०७१) । उल्लिखित नीतिगत व्यवस्थाको निरन्तरता र अध्ययन, सेमिनारले निर्दिष्ट गरेअनुसार नै मिति २०७१।०३।३० तथा २०७१।९।२४ मा राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्ले भावी दिनमा माध्यमिक तहमा अङ्काङ्कनबाट अक्षराङ्कनमा जानुपर्ने गरी मार्ग प्रशस्त गरिदियो ।



## २. सन्दर्भ

नेपाल सरकारले विगतमा सञ्चालन गरेको प्रवेशिका परीक्षाको नतिजा हेर्ने हो भने त्यति सन्तोष लिने ठाउँ छैन, ०६६ सालमा ६४.३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए भने यो प्रतिशत घटेर ०६७, ०६८, ०६९ र ०७० मा क्रमशः ५५.५, ४७.२, ४१.२ र ४३.९ कायम भएको छ (भट्ट, २०७१) । अनुत्तीर्णको मनोविज्ञान बदल्न अक्षराङ्कन प्रणाली ल्याइएको हो भने हामीसँग केही सम्भावना पनि रहेका छन् (कोइराला, २०७१) । अक्षर ग्रेडिङको मर्म विद्यार्थीलाई निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट सिर्जनात्मक प्रतिभातिर उन्मुख गराउनु हो (वाग्ले, २०७१) । अतः अक्षराङ्कनद्वारा शिक्षणबाट सिकाइमा प्रवेश गर्ने मार्ग प्रशस्त गर्नु हो भनी व्याख्या गर्नु सान्दर्भिक देखिन्छ । यसै पनि

उस्तै सिकाइ स्तर भएका विद्यार्थीको सिकाइको मूल्याङ्कनमा अत्यन्त उपयोगी मानिने प्राप्ताङ्कमा आधारित प्रतिशत पद्धतिको कार्यान्वयनबाट हरेक कक्षा र विषयमा विविध स्तर एवम् रुचि भएका विद्यार्थीको युक्ति सङ्गत, वैज्ञानिक र उपलब्धिमुखी मूल्याङ्कन नहुने निश्चित नै थियो । यसै पनि सिकाइ र समय एउटै गतिमा जान नसक्ने तथ्य जान्दाजान्दै हामीले पाठ्यक्रममाफत्सिकाइ उपलब्धि र समय दुवै निश्चित गरेकाले हरेक कक्षाका विद्यार्थीहरूको सिकाइ स्तरमा विविधता आएको छ । यस्तो अवस्थामा अङ्काङ्कन निष्प्रभावी बन्नु स्वाभाविकै थियो । यस अवस्थामा अक्षराङ्कनको एकल दौडले छनोटको अनिवार्यतालाई मुखरित गरिदिन पुग्यो । उल्लिखित अवस्था सिर्जना हुनुमा निम्नानुसारका बुझाइले पनि विशेष भूमिका खेलेको पाइन्छ :

- प्राप्ताङ्कका आधारमा गरिने वर्गीकरण कम गर्नुपर्ने
- उच्च प्राप्ताङ्कका आधारमा हुने अस्वस्थ प्रतिस्पर्धा कम गर्नुपर्ने
- सामाजिक दबाब कम गर्नुपर्ने र लचकताका साथ सिकाइलाई प्रोत्साहन दिनुपर्ने
- प्रभावकारी सिकाइ वातावरणमा केन्द्रित रहनुपर्ने
- तनावमुक्त तथा रुचिपूर्ण सिकाइलाई सहजता दिनुपर्ने
- सबै विषयमा तोकिएको न्यूनतम् अङ्क ल्याउनैपर्ने बाध्यता कम गर्नुपर्ने
- रुचि र क्षमता भएको विषयमा अध्ययन केन्द्रित गर्नुपर्ने
- रुचिको तह, कक्षामा तत्परता तथा सहभागिता, मौलिकता, आत्मनिर्भरता, व्यवहार परिवर्तन, गुणग्राहिता, सिकाइको निरन्तरता, गुणात्मक स्तर जस्ता पक्षको यथोचित सम्बोधन गनुपर्ने
- अन्तर्राष्ट्रिय मान्यता तथा प्रचलनसँग मिलान गर्नुपर्ने
- आफूले हासिल गरेको श्रेणीलाई सुधार गर्ने मौका प्रदान गर्नुपर्ने ।

## ३. औचित्य

अक्षराङ्कन विद्यार्थी मूल्याङ्कनका दृष्टिकोणबाट अन्तर्राष्ट्रिय रूपमा सर्वाधिक मान्यता प्राप्त गरेको अभ्यास हो । दक्षिण एसियाली मुलुकमै ग्रेडिङ प्रचलन अवलम्बन गर्ने राष्ट्रमा नेपाल पछिल्लो हो (भट्ट, २०७१) । अतः हामी विश्वव्यापी मान्यता  र असल अभ्यासलाई लागु गर्न पछि परेको कुरामा दुई मत हुन सक्दैन । अक्षराङ्कन लागु गर्दा मूल्याङ्कनको लचिलो अभ्यासको कार्यान्वयन गर्नु पनि हो । हाल यसलाई निम्नानुसारका कारणले गर्दा लचिलो अभ्यास पनि भनिन्छ :

- ❖ वर्णनमा आधारित श्रेणीले तोके जस्तै सिकाइ सक्षमता/स्तर/उपलब्धिको वर्णनात्मक प्रस्तुति रहने भएकाले
- ❖ निपूणतामा आधारित श्रेणीले बताएअनुसारका चिन्तनको तह/Bloom's taxonomy लाई सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा ग्रहण गरी निरन्तर विद्यार्थी मूल्याङ्कनद्वारा प्रभावकारी कार्यान्वयन गरिने भएकाले
- ❖ मूल्याङ्कन कर्ताको कार्यलाई तह वा रेन्जमा प्रतिनिधित्व गर्ने हुनाले (१-१०० सम्मका रेन्जभन्दा

पाँच सात रेन्जमा मूल्याङ्कन गर्न सजिलो हुनाले तथा अङ्काङ्कनमा मूल्याङ्कन कर्ताको तजबिजी क्षेत्रको स्पष्ट आधार नभएकाले रुब्रिक्ट (rubrics) का आधारमा त्यसको रेन्ज वा तह तय गरी मूल्याङ्कन गर्ने हुनाले मूल्याङ्कनमा सहजता तथा विश्वसनीयता ल्याउने भएकाले)

- प्रतिशतमा आधरित श्रेणी वा तहलाई पनि एक आधारका रूपमा लिन सकिने भएकाले

## मूल्याङ्कनमा श्रेणीको महत्त्व

शैक्षिक प्रक्रियामा विद्यार्थी उपलब्धि सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुनर्योजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । नेपालको विद्यालय शिक्षामा विद्यार्थी मूल्याङ्कन दुई प्रकारको हुने छ : पहिलो निर्माणात्मक र दोस्रो निर्णयात्मक (प्रारूप, परिमार्जन, २०७१) । वर्षभरिको विद्यार्थीको उपलब्धिको लेखाजोखा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको योगबाट गरिने छ (योजना, २०६६-०७२) । शैक्षिक सत्रको अन्त्यसम्ममा पठन पाठनका लागि निर्धारित सम्पूर्ण विषय वस्तुबाट ६० प्रतिशत (सैद्धान्तिक र प्रयोगात्मक) अङ्कभारको परीक्षा सञ्चालन गरी तिनै (प्रथम र द्वितीय त्रैमासिक तथा अन्तिम) परीक्षाको कुल प्राप्ताङ्क जोडेर विद्यार्थीको स्तर निर्धारण गर्नुपर्ने छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) । अतः हालसम्म नेपालको विद्यालय शिक्षामा मूल्याङ्कनका क्रममा प्रायः सय पूर्णाङ्कका आधारमा प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गर्ने र त्यसमा आधारित सही उत्तरका आधारमा प्राप्ताङ्क तय गरी त्यसको प्रतिशत निर्धारण गरिन्छ । उल्लिखित कार्य सम्पन्न गर्दा अङ्काङ्कन सम्बद्ध अभ्यास प्रचलनमा रहेको पाइन्छ । उक्त प्रक्रियामा निर्माणात्मक मूल्याङ्कनको अभ्यास गर्नुपर्ने नीतगत व्यवस्था रहे त्यो प्रभावकारी बन्न सकिरहेको छैन ।

मौजुदा अभ्यासअनुसार सिकाइको मापन तथा लेखाजोखासम्बन्धी अन्तिम स्वरूप नै श्रेणी हो । श्रेणी अक्षरका (सामान्यतया 'ए' देखि 'एफ' सम्म), तह वा रेन्ज (range) का रूपमा (सामान्यतया १ देखि ६ सम्म), सही उत्तरमा आधारित प्रतिशतका रूपमा तथा प्रतिशतको सङ्कुचन तथा विस्तारका रूपमा निर्धारण गरिन्छ । उल्लिखितमध्ये पहिला दुई अभ्यास अक्षराङ्कनसँग सम्बन्धित छन् भने पछिल्ला दुई अङ्काङ्कनसँग । अङ्काङ्कीय प्रणालीमा विस्तार र सङ्कुचन छ' १०० पूर्णाङ्क विस्तारको स्वरूप हो भने ५०, २५, १० सङ्कुचनका स्वरूप (कोइराला, २०७१) । श्रेणी 'शैक्षिक प्रक्रियाको एक केन्द्रीय तत्त्व हो' अतः श्रेणीको अर्थ, उद्देश्य तथा अभ्यासलाई व्यापकतामा ग्रहण गर्दा यसलाई चुनौतीपूर्ण एक मुद्दाका रूपमा लिनु अन्यथा हुँदैन (साड्लेर, २००९) । शिक्षामा मौजुदा बजारीकरण जस्तै प्रमाणित प्राज्ञिक प्रतिफलप्रति केन्द्रित कार्यपथ दिनदिनै विस्तार भएको छ, जसले श्रेणीको केन्द्रीयतालाई बलियो बनाइरहेको छ (डाले र रोबर्टसन, २००९) । अतः हाल शिक्षाक्षेत्रमा श्रेणीलाई कुनै पनि विषयको सिकाइ उपलब्धिका विभिन्न तहहरूको स्तरीकृत मापनका आधारहरूलाई प्रयोगमा ल्याउने प्रक्रिया भनी बुझिन्छ ।

निर्धारित सिकाइ उपलब्धि/सक्षमताका आधारमा सूचक तोकी सिकाइको तह वा रेन्ज निर्धारण गरी अक्षरद्वारा सम्बोधन गर्ने मूल्याङ्कन प्रणालीलाई अक्षराङ्कन प्रणाली भनिएको हो (घिमिरे, माघ,

२०७१) । विद्यार्थीको बुद्धि ठ्याक्कै यति छ भनेर भन्न सकिने अवस्था विद्यमान नहुने हुनाले उसको बुद्धि कुन तहमा पर्छ वा कुन रेन्जमा पर्छ भनेर प्रत्येक तह वा रेन्जलाई विभिन्न अक्षरबाट सम्बोधन गरिने व्यवस्थालाई अक्षर ग्रेडिङ प्रणाली भनिन्छ (वाग्ले, २०७१) । हिजोआज अक्षराङ्कन पद्धतिमा प्रवेश गर्ने माध्यमका रूपमा अङ्काङ्कन अथवा प्रतिशतमा आधारित श्रेणी वा तहलाई पनि लिइन्छ (सुसन ब्रुखर्ट, २०१०) । अतः अक्षराङ्कनलाई देशभर कार्यान्वयनमा लैजानुअघि हामीले यससम्बन्धी विधि वा प्रक्रिया तथा अभ्यासमा आधारित भई थप अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ । अक्षराङ्कनमा जानुपूर्व श्रेणी र सिकाइका पछाडि रहेको आधार एवम् मनोविज्ञानमा स्पष्ट हुन जरुरी देखिन्छ ।

## श्रेणीमा सिकाइको चासो

श्रेणीले परिणामको प्रतिनिधित्व गरेको हुन्छ । परिणाम उत्पादनमुखी मार्ग वा पहुँचको प्रगतिशील कार्यान्वयन हो जसले विद्यालय र सिकाइसम्बन्धी विविध क्रियाकलाप वा गतिविधिको प्रतिनिधित्व गर्छ (टेरस, २००९) । अतः परिणाममुखी, सान्दर्भिक, प्रभावकारी र व्यावहारिक विद्यार्थी मूल्याङ्कनका लागि श्रेणीका साथै कक्षा कोठाको सिकाइ वातावरणमा सुधार गर्न जरुरी हुन्छ । सुधारिएको सिकाइ वातावरणमा विद्यार्थीले आत्म मूल्याङ्कन गर्ने प्रशस्त आधार र क्षेत्र पहिल्याउन सक्छन् भने श्रेणीमा भएको सुधारले उनीहरूमा स्वतः उत्पन्न आत्म सन्तुष्टी सबल बन्न पुग्छ । विद्यार्थीहरू बुद्धिले सुसज्जित ग्राहक वा पक्षकार हुन् जसलाई सेवा प्रवाहका दृष्टिले सधैँ खुसी राख्नुपर्छ (तभरेज तथा कार्डोसो, २०१३) । अतः श्रेणी शैक्षिक प्रक्रिया तथा मूल्याङ्कनको आवश्यक सर्त मात्र होइन, सन्तुष्टीको एक आधार पनि हो । श्रेणी निर्धारणका लागि तर्कपूर्ण र सूचनामूलक पेसागत प्राज्ञिक निर्णयको आवश्यकता पर्छ । विश्वभरको मौजुदा विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभ्यासअनुसार श्रेणी अपरिहार्य बनिरहेको छ । श्रेणी बिनाको मूल्याङ्कनलाई विश्वभर मान्यता दिने गरिएको छैन । यसलाई सिकाइ उपलब्धि हासिल गरे वा नगरेको अवस्था दर्साउने ऐनाका रूपमा लिने गरिएको छ ।

शैक्षिक सरोकारवालाहरूका बिचमा प्रतिस्पर्धात्मक वातावरणको विकास गर्ने, उत्तरदायित्व र जिम्मेवारीका पक्षमा मूल्य थप्ने (value add), निश्चित तहको शिक्षाको स्तर निर्धारण गर्ने, मिहिनेत गर्ने बानी विकास गर्ने तथा सिकारु र शिक्षकहरूमा अनुशासित हुन मदत गर्ने जस्ता कारणले पनि सार्वजनिक परीक्षालाई विशेष महत्त्व दिइन्छ (कार्यपत्र सङ्ग्रह, २०६९) । यस्ता मूल्याङ्कनले विद्यार्थीहरूको सिकाइ र सन्तुष्टिमा मुख्य भूमिका खेल्दछ । साथै उक्त कार्यले सिकाइको निरन्तरतासम्बन्धी कार्यको भविष्य सुनिश्चित हुन पुग्छ । अतः कक्षा कोठाको सिकाइ वातावरण सुधार्न हामीले प्राज्ञिक उत्प्रेरणा, लगाव तथा उपलब्धिमा अन्तरवैयक्तिक सम्बन्ध स्थापित गरिदिन सक्नुपर्छ । उनीहरूलाई अतिरिक्त क्रियाकलाप, सहयोगी तथा समूह सिकाइ एवम् कक्षा कोठा र विद्यालयमा आधारित कार्यकलाप आदिमा लगनशील बनाउन जरुरी छ । यस्तो अवस्थामा विद्यार्थीको स्तरोन्नति सार्थक हुन पुग्छ । यसका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन वा निर्माणात्मक मूल्याङ्कन अपरिहार्य बन्न पुग्छ । अतः सिकाइ उपलब्धि मूल्याङ्कनमा आधारित हुनुपर्ने र मूल्याङ्कन सिकाइमा आधारित हुनुपर्ने मान्यता स्थापित हुँदै गएको हो । उल्लिखित परिस्थितिमा सिक्ने बानी एवम् सिर्जनशीलतालाई उत्प्रेरित गर्न,

समालोचनात्मक सोचाइलाई पुरस्कृत गर्न, विद्यार्थीलाई व्यावहारिक भई कार्य गर्न बाध्य पार्न, चुनौती ग्रहण गर्न लगाउन तथा सिप तथा धारणा विकासमा केन्द्रित राख्न मूल्याङ्कनका साधनमा लचकता, विविधता र प्रभावकारिता अनिवार्य पक्ष बन्न पुग्छन् । भावी दिनमा हामीले अक्षराङ्कनका क्रममा उपयोग गरिने मूल्याङ्कनका साधन र यसले सुनिश्चित गर्ने सिकाइले गुणस्तरीय र प्रभावकारी शिक्षाको भविष्य तय गर्ने छ ।

## मूल्याङ्कनका साधन र यिनको प्रयोग

सिकाइका क्रममा अन्य पक्षभन्दा विद्यार्थीको रुचि, उमेर, स्तर, विद्यालयभित्र र बाहिर गरिने व्यवहार, पारिवारिक वातावरण तथा संस्कार, प्रस्तुतिमा आधारित शिक्षकको फैसला, उच्च श्रेणीको दबाब र तनाव व्यवस्थापन जस्ता पक्ष भिन्न र विशेष बन्न पुग्छन् (विलिङ्घम, पोलाक र लेविस, २००२) । जीवनका लागि आवश्यक पर्ने सिप विकास गर्ने, श्रम बजारमा उपलब्ध रोजगारीका लागि आवश्यक सक्षमता विकास गर्ने योजनाबद्ध सिकाइ नै पाठ्यक्रम हो (केनेडी, २००५) । पाठ्यक्रम कुनै पनि व्यक्तिको जीवन्त अनुभव हो (कोनली र क्लान्डिनिन, १९८८) । अतः सिकाइको मेरुदण्ड भनेकै पाठ्यक्रम हो । पाठ्यक्रमले निर्धारण गरेको मूल्याङ्कन प्रक्रियाले निर्दिष्ट सक्षमता वा सिकाइ उपलब्धि पुरा भए भएनन् वा विद्यार्थीले निर्धारित ज्ञान, सिप, प्रवृत्ति आदि हासिल गरे गरेनन् भन्ने थाहा पाउने मुख्य आधार तय गर्दछ । मूल्याङ्कन पक्षको प्रभावकारिता र वस्तुनिष्ठताले विद्यार्थीको सिकाइ उपलब्धिलाई व्यावहारिक र कार्यमुखी बनाउँछ (शिक्षक अभिमुखीकरण सामग्री, २०६९) । मूल्याङ्कनको प्रभावकारिता र वस्तुनिष्ठताका लागि यसका साधनको सही छनोट हुन आवश्यक छ । हालसम्म मूल्याङ्कनका साधनहरूमध्ये निम्नानुसारका साधन अधिक प्रचलनमा रहेका छन् (स्कोलास्टिक रेड, २००२) ।

### १. घटनात्मक अभिलेख (Anecdotal Record)

कक्षा कोठामा घट्ने विविध घटना र व्यवहारको अवलोकन प्रक्रियाको अनौपचारिक अभिलेख घटनात्मक अभिलेख हो । यो पूर्णतः शिक्षकको तजबिजीमा आधारित मूल्याङ्कनको साधन हो । अतः यो अभिलेख पक्षपातपूर्ण हुन सक्छ भनी शिक्षकप्रति शङ्का गरिन्छ ।

### २. विशेष माप चिह्न (Benchmark)

शिक्षकलाई सहयोग गर्ने उद्देश्यले विद्यार्थीको साक्षरता विकासका लागि निर्धारित सूचक वा मापदण्डलाई विशेष मापचिह्न भनिन्छ । यो साधन आधारभूत तहका सुरुआती कक्षामा प्रभावकारी मानिन्छ ।

### ३. रूजुसूची (Checklist)

रुजुसूची हासिल गरेका सिप, व्यवहार वा आचरणको सूची हो । यसले मूल्याङ्कनका लागि पथ प्रदर्शन गर्छ । यस प्रकारको सूची निश्चित उद्देश्य, विषय क्षेत्र वा सिद्धान्तमा आधारित भई शिक्षकद्वारा सिकाइ सहजीकरणका क्रममा प्रयोग हुने गर्दछ । यो विद्यार्थीले जोडीमा आधारित

भई, समूहमा आधारित भई वा आत्म मूल्याङ्कनका लागि पनि प्रयोग गर्न सक्छन् ।

४. **विमर्श (Conference)**

विद्यार्थीको प्रगतिका बारेमा शिक्षक, विद्यार्थी, अभिभावक आदिसँग छलफल, कुराकानी, भेटघाट आदि गर्नु नै विमर्श हो । यसमा विद्यार्थीलाई आफ्ना विचार प्रस्तुत गर्ने मौका दिइन्छ । एक एक गर्दै यथेष्ट उदाहरणका आधारमा विद्यार्थीलाई उत्प्रेरित गरिन्छ । यो अभिभावकलाई तिनीहरूका बालबालिकाको प्रगति र विद्यालयको स्तरका बारेमा जानकारी दिनका लागि पनि गरिन्छ ।

५. **वार्षिक परीक्षा (End of Year Test)**

विद्यार्थीले वर्षदिनभरि हासिल गरेका ज्ञान, सिप आदिमा आधारित अन्तिम र निर्णायक परीक्षालाई वार्षिक परीक्षा भनिन्छ ।

६. **बहीखाता (Journal)**

यो यस्तो स्मृति पुस्तिका हो जसमा विद्यार्थीले सिकाइ वा ग्रन्थका बारेमा स्वाभाविक वा स्वयम् प्रेरित प्रतिक्रिया दिन्छन् अर्थात् आफ्नो प्रगतिका साथै पठन सिप र रणनीतिका बारेमा स्वमूल्याङ्कन गर्छन् ।

७. **साक्षरता खण्ड (Literacy Log)**

यो विद्यार्थीका पठन सिपमा आधारित गतिविधिका माध्यमले उसको पढाइ तथा लेखाइको प्रगतिप्रति निरन्तर लगनशील बनाउन प्रयोग गरिने एक अभिलेख हो । मैले यस हप्ता वा महीना यो नयाँ पुस्तक पढेँ र यो यो कुरा सिकेँ भनी उसको आफ्नो विचार प्रस्तुत गर्न लगाइन्छ । विद्यार्थीलाई विभिन्न विषय क्षेत्र वा विधाको अध्ययनपश्चात् आफ्नो प्रगति उल्लेख गर्न लगाइन्छ । यस क्रममा कहीलेकहीं आफ्नो धारणा तय गर्दा विद्यार्थीलाई शिक्षकले पनि सहयोग गर्न सक्छन् । विद्यार्थीले नयाँ शब्द, धारणा, जानकारी आदिका बारेमा सारक्षता खण्डमा उल्लेख गर्छन् ।

८. **मौखिक वाचालता मूल्याङ्कन (Oral Fluency Assessment)**

यो अनौपचारिक रूपमा सम्पन्न गरिने मूल्याङ्कनको एक साधन हो । कुनै विधाका विषय वस्तुको गति, यति र लयसहित सस्वर वाचनका क्रममा यस साधनलाई प्रयोगमा ल्याइन्छ ।



९. **अवलोकन (Observation)**

अवलोकन अनौपचारिक रूपमा प्रयोगमा ल्याइने मूल्याङ्कनको साधन हो । विद्यार्थीका गतिविधि अवलोकनबाट उसका सबल तथा सुधारयोग्य पक्ष, व्यवहारको किसिम तथा धारणासम्बन्धी रणनीति बुझ्न र त्यसमा आवश्यक सुधार कार्य प्रारम्भ गर्न मदत मिल्छ । यसपछि गुणस्तरीय सिकाइका लागि यथार्थपरक भई थप उत्प्रेरणा दिन आधार, ऊर्जा र सहयोग पाइन्छ ।

१०. **मौखिक पठन मूल्याङ्कन (Oral Reading Assessment)**

यो मौखिक वाचालता जस्तै एक साधन हो तर यसमा सस्वर वाचन मात्र नभई मौन पठनलाई

पनि उत्तिकै महत्त्व दिइन्छ । साथै यस साधनमा विद्यार्थीहरूको सिकाइ अवस्था मूल्याङ्कन गर्न अध्ययन तथा अध्यापनकै क्रममा मौखिक प्रश्नहरू गरेर मूल्याङ्कन गर्ने गरिन्छ । तर यसलाई परीक्षा जस्तो औपचारिकता दिइँदैन । यसबाट पनि विद्यार्थीको अवस्था पहिचान गरिन्छ ।

### ११. जोडी मूल्याङ्कन (Peer Assessment)

यो मूल्याङ्कनको एक साधन हो जसले विद्यार्थीलाई उनीहरूको उद्देश्य वा लक्ष्यमा पुग्न साथीले हासिल गरेको ज्ञान, सिप तथा अभिवृत्ति तुलनात्मक लेखाजोखा गर्छ र उनीहरूको सिकाइमा थप स्पष्टता ल्याउन र विस्तार गर्न सहयोग गर्छ ।

### १२. कार्यसम्पादन मूल्याङ्कन (Performance Assessment)

मूल्याङ्कनका क्रममा यो अनौपचारिक तथा औपचारिक दुवै स्वरूपमा प्रयोगमा ल्याइन्छ । यसमा विद्यार्थीले आफ्नो सिकाइलाई पूर्णता दिन प्रयोगात्मक प्रस्तुतिलाई आधारका रूपमा उपयोग गर्छन् । शिक्षकले पनि सिकाइलाई सुनिश्चित गर्न यस्ता प्रस्तुतिलाई प्रयोग गर्ने गर्छन् ।

### १३. कार्य सञ्चयिका (Portfolio)

कार्य सञ्चयिका विद्यार्थीले सिकाइका क्रममा गरेका कार्यहरूको व्यवस्थित र सिलसिलेवार सङ्कलन हो । यसमा विद्यार्थीले हासिल गरेका उपलब्धि, व्यवहार र सिर्जनात्मक कार्यहरू झल्काउने सामग्री वा गरेका कार्यहरूको नमुना सङ्कलन गरेर राख्ने गरिन्छ । विद्यार्थीले गरेका कार्यका नमुना, गृहकार्य, कक्षाकार्य, एकाइ वा त्रैमासिक परीक्षामा प्राप्त गरेको उपलब्धि, उत्तर पुस्तिकाका नमुनाहरू, शिक्षकले दिएको लिखित पृष्ठपोषण, विद्यार्थी आफैँले गरेको आत्मूल्याङ्कन, कुनै सिर्जना वा रचनाको नमुना आदि सङ्कलन गरेर राखीन्छ । कार्य सञ्चयिकाले विद्यार्थीको प्रगति र उपलब्धि प्रमाणित गर्न मद्दत गर्दछ ।

### १४. परियोजना कार्य (Project Work)

परियोजना कार्य शिक्षकले विद्यार्थीलाई ज्ञान, सिप आदि विकास गर्नका लागि सन्दर्भ मिल्ने गरी दिएको कार्य हो । यो विषयको प्रकृतिअनुसार फरक फरक हुन्छ । साथै यो पाठसँग सम्बन्धित सिकाइ उद्देश्य पुरा गर्न गराइने विद्यार्थी केन्द्रित क्रियाकलाप पनि हो । परियोजना कार्य गराउँदा निर्देशनमा स्पष्टता, कार्यहरूमा चरणबद्धता र व्यवस्थित स्वरूप, निर्धारित समय, समूहमा कार्य गर्ने सिप, जिम्मेवारी लगायतका पक्षमा विशेष ध्यान दिनुपर्छ ।

### १५. आत्म मूल्याङ्कन (Self-Assessment)

सिकारु आफैँले आफ्ना उपलब्धि र कमजोरीको जानकारी प्राप्त गरी भविष्यमा आफ्नो सिकाइमा आफैँले सुधार ल्याउने योजनाको कार्यान्वयन नै आत्म मूल्याङ्कन हो । यसका लागि सिकारुहरूलाई उनीहरूले प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि सजिलै सिक्न सकेको र सिक्न कठिनाइ परेका पाठ्यांश आदिका बारमो आफैँले लेखाजोखा गरी उपयुक्त निर्णय लिने तरिका सिकाइन्छ । आत्म मूल्याङ्कनका लागि विद्यार्थीले आफ्नो व्यवहार, शैक्षिक उपलब्धि, सक्षमता वा गुणहरूको सूची

तयार गरी रुजु सूची (check list) वा श्रेणी मापन (rating scale) जस्ता साधन तयार गर्नुपर्दछ र त्यस्ता साधनहरूको प्रयोग गरेर आफ्नो मूल्याङ्कन गर्नुपर्दछ ।

### १६. पठन इतिहास (Reading History)

यो आत्म मूल्याङ्कनकै सन्निकट साधन हो । यसलाई विद्यार्थी स्वयम् अनौपचारिक रूपमा उपयोग गर्न सक्छन् । पढाइ तथा लेखाइसम्बन्धी आफ्ना रुचि, चाहना तथा अनुभवका आधारमा आत्म मूल्याङ्कन गर्ने साधन पठन इतिहास हो ।

### १७. रुब्रिक्स (Rubrics)

रुब्रिक्स परियोजना वा कार्य प्रक्रिया, उत्पादन र प्रभावमा आधारित हुन्छ । रुब्रिक्स प्रयोगको आधारका रूपमा सूचक तोकिन्छन् । सूचक तोक्दा शिक्षक, विद्यार्थी वा अन्य सरोकारवाला बिच सहकार्य रहन पनि सक्छ । निर्दिष्ट सूचकका आधारमा मापदण्ड निर्धारण गरी त्यसकै आकारमा मूल्याङ्कन गर्ने काममा रुब्रिक्सको विशेष भूमिका रहन्छ ।

### १८. स्तरीकृत जाँच (Standardized Test)

स्तरीकृत परीक्षाका लागि प्रश्नपत्र तथा परीक्षा सञ्चालन प्रक्रियाको वैधता, विश्वसनीयता र व्यावहारिकता पुष्टि हुन जरुरी छ । विषयगत, समवर्ती, पूर्व सूचनात्मक, रचनागत प्रक्रिया आदिका आधारमा प्रश्नपत्र तथा परीक्षा सञ्चालन प्रक्रिया युक्ति सङ्गत वा वैध हुनुपर्छ । पर्याप्तता, यथार्थता, मापनका आधार र प्रक्रियामा विश्वसनीय रहनुपर्छ । प्रयोग, अङ्कन, खर्च आदिका आधारमा व्यावहारिक हुनुपर्छ । अतः हिजोआज विश्वभर हरेक परीक्षालाई स्तरीकृत परीक्षाका रूपमा कार्यान्वयन गर्ने प्रयास थालिएको छ ।

### १९. लिखित परीक्षा (Writing Test)

यो लेखाइ सिपमा आधारित साधन हो । यो स्तरीकृत जाँच, रुब्रिक्स, वार्षिक परीक्षा आदि साधनका सन्निकट साधन पनि हो । हालसम्म विश्वभरमा प्राप्ताङ्कको प्रतिशतमा आधारित श्रेणी/अङ्काङ्कन, अक्षराङ्कन, औसतद्वारा निर्देशित श्रेणी, निपूणतामा आधारित श्रेणी तथा वर्णनमा आधारित श्रेणी प्रचलनमा आए (सुसन ब्रुखर्ट, २०१०) । अङ्काङ्कन, अक्षराङ्कन, निरन्तर विद्यार्थी मूल्याङ्कन, पठन सिप आदि जे सुकै नामकरण गरिए तापनि उल्लिखित मूल्याङ्कनका साधनकै सेरोफेरोमा शैक्षिक गतिविधिले फन्को मारिरहेको पाइन्छ । अतः विभिन्न प्रणाली वा पद्धतिका नामका पछि नलागी टुक्रे अभ्यासभन्दा पूर्णतातर्फ ध्यान केन्द्रित गर्न जरुरी छ । हाल अक्षराङ्कनलाई यसकै माध्यमका रूपमा ग्रहण गर्नु सान्दर्भिक देदिन्छ ।

## भ्रम र अवसर

सिकारु सक्रिय सिकाइमा केन्द्रित भए सिकाइ स्थायी र सरल बन्न पुग्छ । सक्रिय सिकाइका लागि विश्लेषणात्मक चिन्तनलाई अभ्यासमा ल्याउन जरुरी छ । Gardner १९९३, Marzano २००१ ले यसका लागि कक्षा उद्देश्यमुखी र व्यवस्थित हुनुपर्छ अर्थात् कक्षा सक्रिय हुनुपर्छ भनेका छन् । सिकारुले

आफूले सिक्नुपर्ने कुरा पूर्ण रूपमा र उपयोगी हुने गरी सिक्नुपर्छ अर्थात् सिकारुले आफूले हासिल गरेका ज्ञान, सिप तथा धारणाका बारेमा विचार गर्न, तिनीहरूलाई व्यवहारमा उपयोग गर्न वा थप सिकाइ गर्नका लागि प्रयोग गर्न र कतिपय अवस्थामा अरूको सहयोग नलिईकन पनि सिकाइलाई अगाडि बढाउनुपर्छ (विश्लेषणात्मक चिन्तन, २०१०) तर यसको सही अभ्यास विरलै पाइन्छ । नेपालमा विगतदेखि हालसम्म पनि राम्रा अभ्यास विभिन्न भ्रमका आधारमा छायामा पर्ने गरेका छन्, जस्तै :

| **भ्रम** | **यथार्थ** |
|---|---|
| पुरानो सिकाइ प्रक्रिया घोकन्ते र अव्यावहारिक थियो । अतः हामी पाश्चात्य शैली अपनाई आधुनिकतामा प्रवेश गर्नुपर्छ । | • परम्परागत गुरुकुल शिक्षा पद्धतिमा अमर कोश, रूप चन्द्रिका, रुद्री लगायतका विषय क्षेत्रले सम्झनु, संस्कृत भाषा र साहित्य सम्बद्ध विषय क्षेत्रले बुझ्नु, कर्मकाण्ड, ज्योतिष र व्याकरण सम्बद्ध विषय क्षेत्रले उपयोग गर्नु, न्याय, तर्क सङ्ग्रह लगायतका विषय क्षेत्रले विश्लेषण गर्नु तथा उल्लिखित सबै विषय क्षेत्रमा मूल्याङ्कन र सिर्जनालाई प्राथमिकता दिइएको पाइन्छ । एकै प्रकारको शिक्षा हासिल गर्दा पनि अर्जुनको धनुर्विद्या र भीम तथा दुर्योधनको गधा युद्धकलामा विशेष रुचि थियो । उनीहरूलाई रूचिका आधारमा नै छनौट गर्न दिई त्यसका आधारमा सिकाइन्थ्यो तर हालका दिनमा ती सबै विषय क्षेत्र भिन्न भिन्न विषयका रूपमा विकास गरिए । त्यसमा Bloom's Revised texonomy वा Gadner को चिन्तनको तह जसरी विशिष्टीकृत गर्न सकिएन र धेरै परिस्थितिमा वास्तविकता अन्य हुँदाहुँदै यो घोकन्ते शिक्षा भन्ने उपनामले जबरजस्त रूपमा परिचित हुन पुग्यो । |
| निरन्तर विद्यार्थी मूल्याङ्कन नितान्त नौलो अवधारणा हो । त्यसैले शिक्षकले यसलाई बुझ्न र कार्यान्वयन गर्न जरुरी छ । साथै यसका क्रममा व्यवहार परिवर्तन, सहभागिता, प्रयोगात्मक अभ्यास आदि पक्ष समेट्नुपर्छ । | • यो नयाँ काम नभई शिक्षकले परापूर्व कालदेखि नै गर्दै आएको काम हो । हिजो पनि कुन विद्यार्थीको रुचि, स्तर र आवश्यकता के थियो भन्ने शिक्षकले सहजै बताउने गर्थे, आज पनि गर्ने त्यही नै हो तर हिजो त्यो अलिखित रूपमा शिक्षकसँग थियो भने आज त्यसलाई अभिलेखका रूपमा तयार पार्न खोजिएको मात्र हो ।<br>• हिजो पनि कम सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीलाई शिक्षकले सहजै पहिचान गर्न सक्थे र के कारणले त्यसो भएको भन्ने अनुमान गर्थे, आज पनि गर्ने त्यही हो तर अनुमानका आधारमा नभई अभिलेखका आधारमा उपचारात्मक शिक्षणद्वारा उसको सिकाइ स्तर अरूको जस्तै बनाउन खोजिएको हो । विगतमा अभिलेखीकरण आवश्यक थिएन किनभने विद्यार्थी संस्कार, व्यवहार, ज्ञान, सिप आदि हरेक पक्ष सिक्दा र अभ्यास गर्दा चौबिसै घण्टा शिक्षकको प्रत्यक्ष निगरानी रहन्थ्यो । उसलाई पूर्ण व्यक्ति बनाउने जिम्मा शिक्षकको नै हुन्थ्यो । |
| अक्षराङ्कन विद्यार्थीलाई स्वतः पास गर्ने उद्देश्यका साथ ल्याइएको छ । | • शिक्षण र परीक्षाभन्दा सिकाइमा केन्द्रित हुन सान्दर्भिक ठानिएको हो ।<br>• निरन्तर विद्यार्थी मूल्याङ्कनद्वारा सिकाइको सुनिश्चिता गर्ने लक्ष्य लिइएको हो ।<br>• व्यावहारिक तथा सिकाइ सापेक्ष प्रस्तुति जोड दिन खोजिएको हो । |

अतः उल्लिखित भ्रमलाई चिर्दै अक्षराङ्कनद्वारा सिकाइमा अग्रसर हुने अवसरको सदुपयोग गर्नुको विकल्प हामीसँग छैन । यसै पनि विद्यार्थी मूल्याङ्कनका निम्नानुसारका तिन नियम (Criteria) अभ्यासमा छन् :

**(क) फल वा कमाइ (Product)** : फल वा कमाइ निर्णयात्मक मूल्याङ्कनसँग सम्बन्धित छ । यसले वर्षको अन्तिममा मुख्य आधारका रूपमा लिइने परीक्षालाई (प्रायः लिखित) प्रतिनिधित्व गरेको पाइन्छ ।

**(ख) प्राकृतिक प्रवर्तन वा उन्नति** (Process) : प्राकृतिक प्रवर्तन वा उन्नति निर्माणात्मक मूल्याङ्कनसँग सम्बन्धित छ । यसले कक्षा सहभागितादेखि अन्तिम परीक्षासम्मका सबै पक्षलाई एकीकृत रूपमा प्रस्तुत गर्दछ ।

**(ग) अग्रगति** (Progress) : अग्रगति चाहिँ निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित छ । यसले निरन्तर सिकाइ, मूल्याङ्कन, उपचारात्मक शिक्षण तथा पृष्ठपोषणलाई महत्त्व दिन्छ । यसका लागि तोकिएको मापदण्डलाई दक्षतामूलक सूचकमा समेट्नुपर्छ अर्थात् तयारी अवस्था/प्रारम्भिक अवस्थाको मूल्याङ्कन गर्न आवश्यक हुन्छ ।

हिजोआज अग्रगतिमा आधारित भई विश्वभर अक्षराङ्कन प्रणाली लोकप्रिय हुँदै आएको छ । यसले निम्न लिखित पक्षमा ध्यान केन्द्रित गरेको पाइन्छ :

- विद्यार्थीको दक्षतासम्बन्धी सूचक र मापदण्ड तय गरी तह वा रेन्जका रूपमा प्रस्तुति गर्ने
- समूह सिकाइ र सिर्जनात्मक प्रतिभा उत्प्रेरित गर्ने
- सिकाइका क्रममा विद्यार्थीका मनोवैज्ञानिक, सामाजिक, बौद्धिक, संवेगात्मक पक्षको उचित ख्याल गरी सिकाइ अवसरको योजना तथा कार्यान्वयन गर्ने

अग्रगतिका लागि हामीले निरन्तर तथा निर्माणात्मक मूल्याङ्कनसम्बन्धी यथेष्ट अभ्यास गरिसकेको अवस्था भएकाले हाम्रो अनुभव भ्रमलाई चिर्दै अवसरको सदुपयोग गर्न सक्षम देखिन्छ ।

## भावी कार्यदिशा



आजसम्म हामीले परीक्षा विद्यार्थीका प्राप्ताङ्कमा आधारित, प्रमाण पत्रमा आधारित लागि परीक्षा लियौँ, अब सिकाइका लागि तह वा रेन्जका आधारमा मूल्याङ्कन गरौँ, तह वा रेन्जलाई परिभाषित गरौँ भन्ने मान्यताका साथ नेपालमा अक्षराङ्कनको सुरुआत गरिएको हो । अतः अक्षराङ्कनको प्रभावकारी कार्यान्यनका लागि निम्नानुसारका कार्य गर्नु सान्दर्भिक देखिन्छ :

- शिक्षा ऐन, नियमावली तथा यससँग सम्बन्धित सबै निर्देशिकामा आवश्यक सुधार गर्ने
- सञ्चय हेतु प्रदत्त समय (Credit Hour) को विश्वव्यापी अभ्यासअनुसार पूर्णाङ्क, प्रमाण पत्र तथा पाठ्यक्रममा आवश्यक सुधार गर्ने र पाठ्यक्रमलाई कार्यमा आधारित बनाउने
- नेपालको विद्यालय शिक्षामा वर्तमानमा प्रचलनमा रहेको त्रैमासिक परीक्षालाई समेस्टरसँग मिलान

गरी एक विषयमा एक त्रैमासिक परीक्षामा कम्तिमा १८ र बढीमा २१ क्रेडिट आवर पर्नेगरी पाठ्यक्रममा सुधार गर्ने

- सिकाइ सहजीकरणका क्रममा विद्यार्थीका शैली र अभ्यासलाई सिकाइ उपलब्धिसँग मिलान गरी व्यवहार परिवर्तनतिर उन्मुख गर्ने
- निरन्तर र निर्माणात्मक मूल्याङ्कनका शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा उपयोग गर्ने
- मूल्याङ्कन साधनमा रहेका विविधतालाई कक्षा कोठा र सिकाइसम्म अभ्यास गरी सिकारुलाई उत्प्रेरित गर्ने
- जीपीए स्केलमार्फत परिणामात्मक औसत प्रस्तुत गर्ने
- उच्च शिक्षा र रोजगार बजारमा योग्यताका लागि न्यूनतम् श्रेणी तोक्ने
- न्यूनतम् श्रेणीभन्दा कम उपलब्धि हासिल गर्ने सिकारुका लागि आफ्नो श्रेणी सुधार्ने अवसर र सुधार गर्न नचाहने सिकारुका लागि सिपमूलक तालिम, शिक्षा वा अभ्याससम्बन्धी अवसरको सुनिश्चितता गर्ने
- मौजुदा अभ्यासमा आधारित भई सरोकारवाला र विज्ञसँग व्यापक छलफल तथा अन्तरक्रिया गरी आवश्यक सुधार र विस्तार गर्ने
- विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा सरोकारवाला पेसागत सङ्घ सङ्गठनमार्फत शिक्षक, विद्यार्थी तथा अभिभावकलाई पनि सुसूचित गर्नुपर्ने

## निष्कर्ष

हाम्रो समाज अङ्काङ्कनको पक्षपाती छ । सामाजिक मान्यता पनि अङ्काङ्कनबाट श्रेष्ठतामा स्थापित हुँदै गइरहेको छ । अतः अङ्क नदेखिएसम्म सिकाइ भएन कि भन्ने शङ्काले सरोकारवालाई त्रसित बनाएको देखिन्छ । यस्तो अवस्थामा फेलपासको मनोविज्ञानले आफ्नो दबदबा कायम गर्नु स्वाभाविक पनि हो । अतः अक्षराङ्कनका क्रममा गरिएको बहुप्रचलित अभ्यास जीपीएलाई नेपालमा पनि प्रयोगमा ल्याउनु आवश्यक ठानिएको हो । आज अक्षराङ्कनसम्बन्धी अभ्यासलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा मान्यता तथा समकक्षताका लागि पनि अन्य विकल्पभन्दा जीपीएमा आधारित गर्नु सान्दर्भिक देखिन्छ (घिमिरे, राजधानी दैनिक, २०७१) । अतः परीक्षाका लागि केन्द्रित भई पढ्ने पढाउने गर्नुभन्दा पनि सिकाइका लागि पढ्ने पढाउने र त्यसको सुनिश्चितता निरन्तर मूल्याङ्कन गरी त्यसको अभिलेखीकरण गर्नु सान्दर्भिक देखिन्छ । साथै सिकाइलाई Paper pencil test मा निर्भर नबनाई परियोजना कार्य र प्रस्तुतिमा परिवर्तन गर्नु सान्दर्भिक देखिन्छ । अतः अक्षराङ्कनलाई निर्णयात्मक मूल्याङ्कनमा आधारित अङ्काङ्कनभन्दा निर्माणात्मक मूल्याङ्कनमा आधारित निरन्तर मूल्याङ्कनप्रति अग्रसर गराउनु वैज्ञानिक र तथ्यगत देखिन्छ ।

## सन्दर्भ सूची


नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, **विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप**, परिमार्जित संस्करण, २०७१, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, **विद्यालय क्षेत्र सुधार योजना**, २०६६-२०७२, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, **माध्यमिक शिक्षा पाठ्यक्रम**, २०६४, सानोठिमी, भक्तपुर ।

कोइराला, प्रा. डा. विद्यानाथ, **आशा ठुलो भयो कि ?**, हिमाल साप्ताहिक, २०-२६, पुस, २०७१, काठमाडौं ।

वाग्ले, प्रा. डा. मनप्रसाद, **एसएलसीमा अक्षर ग्रेडिङ प्रणाली**, कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, २०७१, काठमाडौं ।

घिमिरे, पुरुषोत्तम, **अक्षराङ्कन प्रणाली : भ्रम र आवश्यकता**, आजको शिक्षा साप्ताहिक, माघ, २१, २०७१, काठमाडौं ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, **शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरुमा उच्चस्तरीय सेमिनार**, कार्यपत्र सङ्ग्रह, २०६९, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, **निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक अभिमुखीकरण सामग्री**, २०६९, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, **विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप**, , २०६३, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार, **त्रिवर्षीय योजनाको आधार पत्र**, २०६७/०६८-२०६९/०७०, सिंहदरबार, काठमाडौं ।

घिमिरे, पुरुषोत्तम, **अक्षराङ्कनमा फेलपासको किचलो**, आजको शिक्षा साप्ताहिक, फागुन, २५, २०७१, काठमाडौं ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद, मन्त्रालय, **माध्यमिक शिक्षा सहयोग कार्यक्रम**, २००२, काठमाडौं ।

भट्ट, प्रा. डा. भीमदेव, **सबै उत्तीर्ण हुने अलौकिक निर्णय**, कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, पुस, १३, २०७१, काठमाडौं ।

सामाजिक सम्वादका लागि सहकार्य, **विश्लेषणात्मक चिन्तन : शिक्षण र सिकाइ रणनीति**, २०१०, काठमाडौं ।

घिमिरे, पुरुषोत्तम, **अक्षराङ्कनमा अभ्यासका विकल्प**, राजधानी राष्ट्रिय दैनिक, फागुन, २१, २०७१, काठमाडौं ।

Susan M. Brookhart, *Types of Grading Schemes*, Jul 20, 2010, http://www.education.com/reference/article

*http://en.wikipedia.org*/wiki/Academic_grading

Torres, C. A., *education and neoliberal globalization*, 2009, New York.

Scholastic Red, *Assessment handbook Grades* 3-5, 2002, Scholastic Literacy Place.

Tavares, O., & Cardoso, S., *Enrolment choices in Portuguese higher education*: do students behave as rational consumers? Higher Education, 66, 297–309, (2009)

Sadler, D. R., *indeterminacy in the use of preset criteria for assessment and grading. Assessment &Evaluation in Higher Education*, 34(2), 159–179. (2009)

Dale, R., & Robertson, S., globalization *and Europeanization in education. Oxford* (2009): ERIC.

Willingham, W. W., Pollack, J. M., & Lewis, C. (2002). *Test scores: Accounting for observed differences. Journal of Educational Measurement*, 39(1), 1–37.

Kennedy, K.J., *Changing schools for changing times. Hong Kon*g (2005): Chinese University Press.

Connelly and Clandinin, *teachers as curriculum planners: Narratives of experience,* New York (1988): Teachers College Press.